| | |
|---|---|
| नेपाल भूकम्प २०७२ अपडेट : ४० औं दिन<br>मिति : ०७२ जेठ २०<br>अन्तिम अपडेट : २२:०० बजे | मानवीय क्षति (स्रोत : गृह मन्त्रालय)<br>मृतक : ८,७०२<br>घाइते : २२,२२० |

**पीडितलाई वर्षा अगाडि नै बासको व्यवस्था गर्न आयोगको आग्रह**

राष्ट्रिय मानव अधिकार आयोगले नागरिकको बाँच्न पाउने अधिकारलाई सुनिश्चित गर्न भूकम्प प्रभावित बस्तीमा वर्षा अगाडि नै बासको व्यवस्था गर्न सरकारसँग आग्रह गरेको छ । सरकारका तीन मन्त्रालयका सचिवसँगको छलफलमा आयोगका अध्यक्ष अनुपराज शर्माले सरकारले भूकम्प प्रभावित जिल्लामा मनसुन सुरु हुनुभन्दा अगाडि बासको उचित व्यवस्था गर्न र राहत वितरण तथा उद्धार कार्यमा सरकारले विशेष ध्यान पुऱ्याउन आग्रह गरेका हुन् । अध्यक्ष शर्माले खाद्यान्नको कृत्रिम अभाव सिर्जना गर्नेमाथि सरकारले कानुनी कारबाही गर्नुपर्ने जनाएका छन् ।

**उल्लेख्य**

- गोरखाका भूकम्प पीडितले सरकारले दिने भनेको १५ हजार रुपियाँ समयमै पाउन नसकेका गुनासो गरेका छन् । १९ गते मङ्गलबारसम्म ६० गाविस र दुई नगरपालिका रहेको गोरखामा १९ गाविसका पीडितले मात्रै जस्तापाता त कतैका गाविसले १५ हजार पाएका छन् । महिना दिन बितिसक्दासमेत घर भत्केका ४६ हजार पीडितमध्ये करिब १५ हजारले मात्रै राहत पाएका छन् । १९ वटा गाउँ विकास समितिमा कतै १५ हजार रुपियाँ र कतै दुई बन्डल जस्ता वितरण गर्न टोली खटिएको सहायक प्रमुख जिल्ला अधिकारी दीपेन्द्र पौडेलले बताए ।
- विनाशकारी भूकम्पका कारण हिमपहिरो तथा सुख्खा पहिरोमा पुरिएर रसुवा जिल्लामा २ सय ३० जना बेपत्ता भएका छन् । रसुवाको पर्यटकीय क्षेत्र लाङटाङमा विदेशी, स्वदेशी पर्यटक र स्थानीयवासी तथा हाकु गाविसको मैलुङ्ग र टिमुरे गाविसको रसुवागढी आसपासमा गरी २ सय ३० जना हराइरहेको जिल्ला दैवी प्रकोप उद्धार समिति, रसुवाले जनाएको छ । अझै धेरै मानिस हराएको हुनसक्ने र मृतकको पनि पूर्णरूपमा लेखाजोखा नभएको स्थानीयवासीले बताएका छन् । त्यस दिन लाङटाङ क्षेत्रमा धेरै विदेशी तथा स्वदेशी पर्यटक आएकोले कति बचे वा बेपत्ता भए एकिन हुन नसकेको हो ।
- ओखलढुङ्गा र रामेछापका भूकम्प पीडित किसानलाई नि:शुल्क धानको बीउ वितरण सुरु भएको छ । जिल्ला कृषि विकास कार्यालयले जेठ १९ गतेबाट निशुल्क बीउ धान वितरण सुरु गरेको हो ।
- नुवाकोट जिल्लाको सबैभन्दा दुर्गम गाविस घ्याङफेदीको आधा दर्जन गाउँबस्ती भूकम्पको कारण पहिरो गएकोले बस्नै नहुने भएपछि १ सय ६५ परिवार विस्थापित भएका छन् । भूकम्प र त्यपछिको परकम्पको कारण पहिरो जान थालेपछि घ्याङफेदीका विभिन्न वडाका सात गाउँका बासिन्दा विस्थापित भएर छिमेकी गाउँ, छिमेकी गाविसमा शरण लिइरहेका छन् । घ्याङफेदी गाविसको नेगी, विसाङ, मलुङ, सेलेलो, च्याम्दुङ, कोङगङ, ओप्राका १ सय ६५ परिवार विस्थापित भएको स्थानीय इन्द्रायणी प्राविका अध्यक्ष राजु तामाङले बताए ।
- वैशाख १२ गतेको विनाशकारी भूकम्प पीडितको उद्धार, राहतलगायत सूचना सम्प्रेषण, बैठक आदिको लागि इन्सेक जिल्ला प्रतिनिधि सिन्धुपाल्चोकको कार्यालय जेठ २० गते देखि सदरमुकाम चौतारा स्थित प्रेसचोक नजिक पालमुनि सञ्चालन भएको छ ।

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline

- रामेछाप जिल्लाका विद्यालयमा अस्थायी सिकाइ केन्द्र निर्माण गर्न ३ करोड २१ लाख ७५ हजार रुपियाँ लाग्ने भएको छ। प्रति सिकाइ केन्द्र २५ हजारका दरले ३ सय ५४ विद्यालयका १ हजार २ सय ८७ अस्थायी सिकाइ केन्द्र निर्माण गर्न लागिएको हो।

- भूकम्प गएको डेढ महिना बितिसके पनि सिन्धुपाल्चोक जिल्लामा विद्युत, खानेपानी र टेलिफोन सेवा नियमति नहुँदा भूकम्प पीडितहरू थप समस्यामा परेका छन्। भूकम्पपछि अबरुद्ध भएको टेलिफोन, खानेपानी र विद्युत सुविधा लामो समयसम्म पनि सुचारू नहुँदा भूकम्प पीडितहरूको जनजीवन कष्टपूर्ण हुँदै गएको हो। जिल्लाको दुर्गम गाउँ बस्ती मात्र होइन सदरमूकाम चौतारासमेत सबै स्थानमा विद्युत सेवा सुचारू हुन सकेको छैन।
- रुकुम जिल्लामा विनाशकारी भूकम्पले पूर्ण चर्काएर घर तथा विद्यालयका भवन सुरक्षकर्मीको सहयोगमा भत्काउन र नयाँ टहरा बनाउने काम शुरु भएको छ। जिल्ला विपत् व्यवस्थापन र उद्धार समितिको समन्वय र स्थानीयवासीको आग्रहमा गाउँका चर्किएका विद्यालय नेपाली सेनाले भत्काउन सुरु गरेको हो ।
- भक्तपुर जिल्ला थिमी नगरपालिकाले उच्च जोखिममा परेका घर भत्काउन सुरु गरेको छ। विनाशकारी भूकम्पले भक्तपुरका १८ हजार ९ सय घर पूर्ण रूपमा क्षति भएका छन् भने ९ हजार ९० आंशिक तथा ६ हजार १ सय २० सामान्य क्षति भएका छन् । त्यसमध्ये ठिमी नगरपालिकामा मात्रै ४ हजार ५८ घरमा क्षति पुगेको छ। सशस्त्र प्रहरी, नेपाली सेना तथा प्राविधिकको संयुक्त टोलीले भक्तपुरको थिमी नगरपालिकामा घर भत्काउन परेको निवेदनको आधारमा ६ सय २३ निवेदन मध्ये उच्च जोखिममा परेका घर लाई प्राथमिकतामा राखी ५२ वटा घर भत्काइसकेको छ। साथै भूकम्पले पूर्ण र आंशिक क्षति भएका घर धनीलाई प्रमाण पुर्जासमेत वितरण गर्न थालिएको छ।

- तनहुँका भूकम्प पीडितका लागि नेपाल खाद्य संस्थानले पठाएको ४२ बोरा चामल जेठ २० गते नष्ट गरिएको छ। उक्त चामल उपभोग गर्न नहुने भएको कारण नष्ट गर्नु परेको जिल्ला प्रशासन कार्यालय तनहुँले जनाएको छ। कर्मचारी मिलन केन्द्रको हलमा राखिएको चालम कुहिएर प्रयोग गर्न नहुने भएपछि सो चामल नष्ट गर्ने निर्णय जिल्ला दैवी प्रकोप समितिले गरेको थियो।

  - राजधानी दैनिकका फोटो पत्रकार चापागाउँ-६ का ३५ वर्षीय अशोक दुलाललाई चापागाउँको बज्रबाराही उच्च माध्यामिक विद्यालयका प्रधानाध्यापक रामेश्वर महर्जनले ज्यान मार्ने धम्की दिएको पीडितले बताएका छन्। उक्त विद्यालयको भवनमा जिल्ला शिक्षा कार्यालयबाट आएको प्राविधिक टोलीले लगाएको असुरक्षित लेखिएको रातो स्टिकरको तस्बिर छापेको भन्दै उनलाई प्रधानाध्यापक महर्जन, केही शिक्षक र अन्य अपरिचित व्यक्तिहरुले विद्यालयमा नै बन्धक बनाई धम्की दिएको दुलालले इन्सेक प्रतिनिधिलाई बताए।

**पूर्ण विवरणका लागि :** http://www.inseconline.org/

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline